नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं
फोन नं. ०१-४२२०३११
०१-४२२०४३३ ५६७
फ्याक्स नं. : ०१-४२२०५४३
Email : info@fepb.gov.np

## अभिमुखिकरण तालिम, सीप बिकास तालिम, केयर गिभर र घरेलु कामदारको तालिम संचालन गर्ने तालिम प्रदायक संस्थाहरुलाई अत्यन्त जरुरी सूचना ।

बिश्व भरी फैलिदैं गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी नेपालमा समेत बढदै गएको बर्तमान अबस्थामा उपरोक्त "काठमाण्डौ,भक्तपुर र ललितपुर जिल्लाका सबै महानगरपालिका तथा नगरपालिका, बिराटनगर, बिरगंज, भरतपुर, पोखरा महानगरपालिका, ईटहरी, धरान, जनकपुर ,हेटौडा, बुटबल, घोराही, तुल्सिपुर, नेपालगंज तथा धनगढी उपमहानगरपालिका, मेचिनगर, बिर्तामोड, दमक, राजबिराज, बनेपा, धुलिखेल, सिद्धार्थनगर, बिरेन्द्रनगर तथा भिमदत्तनगर नगरपालिकामा रहेका शैक्षिक संस्था (बिध्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र ) मा २०७८ साल बैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा बैकल्पिक शिक्षण सिकाईका बिधिहरु अपनाई शैक्षिक गतिबिधि संचालन गर्ने" भन्ने र "सभा, सम्मेलन, गोष्ठी, सेमिनार,समिक्षा बैठक,तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भै गर्ने पर्ने भएमा बढिमा २५ जना मात्र सहभागि रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने " भन्ने मन्त्रिपरिषदको मिती २०७८ बैशाख ६ गते निर्णय भएकोले बैदेशिक रोजगार बोर्डको स्विकृत पाठ्यक्रम अनुसार तालिम संचालन गर्न अनुमति पाएका अभिमुखिकरण तालिम, सीप बिकास तालिम, केयर गिभर र घरेलु कामदारको तालिम संचालन गर्ने तालिम प्रदायक संस्थाहरुले मन्त्रिपरिषदको उपरोक्त निर्णय बमोजिम गर्नु गराउनु हुन र भौतिक उपस्थितिमा तालिम संचालन गर्ने संस्थाले CCMC, DCCMC र सम्बन्धित जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारका सुचना प्रदायक संस्थाहरु संग निरन्तर समन्वय गरी प्राप्त निर्देशानुसार तालिम संचालन गर्नुहुन सम्बन्धित सरोकारवालाहरु सबै लाई यो सुचना जारी गरीएको ब्यहोरा अनुरोध छ ।

बैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, कामाण्डौ